## मिति २०८३।०३।०५ गते बसेको १४ औं कार्यपालिका बैठकमा भएको निर्णयहरुको संक्षिप्त विवरण ।

१. जानकी गाउँपालिकाको आर्थिक विधेयक, २०८३ माथि दफावार छलफल गरी पारित गरियो र गाउँसभा बैठकमा पेश गर्ने ।

२. जानकी गाउँपालिकाको विनियोजन विधेयक, २०८३ माथि दफावार छलफल गरी पारित गरियो र गाउँसभा बैठकमा पेश गर्ने ।

३. आ.व. २०८२/०८३ मा संचालन तथा कार्यान्वयन भएका विषयगत समिति अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो र गाउँसभा बैठकमा पेश गर्ने ।

४. खर्चको मापदण्ड (बैठक, तालिम, गोष्ठी, सेमिनार, कार्यशाला संचालन सम्वन्धी खर्चको मापदण्ड) निर्धारण गर्ने र गाउँसभा बैठकमा पेश गर्ने ।

५. सेवा करार र ज्यालादारी कर्मचारीहरुको सेवा अवधि २०८३ साउन १ गतेदेखि लागू हुने गरी ६ महिनाको लागि थप गर्ने र गाउँसभा बैठकमा पेश गर्ने ।

६. चालु आ.व. २०८२।०८३ मा कार्य सम्पन्न भएका तर विविध कारणले भुक्तनी हुन नसकेका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी आ.व. २०८३।०८४ मा गर्ने र गाउँसभा बैठकमा पेश गर्ने।

७. जानकी गाउँपालिका कार्यालयको लागि आवश्यकता अनुसार विभिन्न घरहरु भाडामा लिने कार्यलाई निरन्तरता दिने ।

८. यस जानकी गाउँपालिकाको आ.व. २०८१/०८२ को महालेखा परीक्षकको कार्यालयवाट भएको लेखापरीक्षणको प्रतिवेदन उपर छलफल गरियो र प्रतिवेदनमा औंल्याईएका सुझाव, वेरुजु तथा कैफियतका विषयलाई क्रमशः सुधार सहित नियमित गराई फछर्यौट गर्न तर्फ अगाडी बढ्ने निर्णय गरियो र गाउँसभा बैठकमा पेश गर्ने ।

९. आ.व. २०८३।०८४ को बजेट तथा कार्यक्रम माथि छलफल गरी पारित गरियो र गाउँसभा बैठकमा पेश गर्ने ।

१०. जानकी गाउँपालिकाको स्थानीय सेवा पुरस्कारका लागि उत्कृष्ट उम्मेदवार सिफारिस गर्ने ।

११. संशोधनका लागि पेश भएका आयोजना तथा कार्यक्रम संशोधन गर्ने र कार्यान्वयन गर्ने ।

१२. स्थानीय तहको क्षेत्र अधिकार वाहेकको विषयमा करोपण नगरेको स्वघोषणा गर्ने ।

१३. राजस्व परामर्श समितिवाट पेश भई आएको स्थानीय राजस्वको अध्ययन प्रतिवेदन माथि दफावार छलफल गरी पारित गर्ने ।

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

CamScanner